Panauti Journal
Volume 3, 2025
DOI: https://doi.org/10.3126/panauti.v3i01.84049 ISSN: 2990-7888 (Print) 2990-7896 (Online)

# धार्मिक पर्यटनको दृष्टिकोणमा बडिमालिका बडीपूजाको ऐतिहासिक, राजनीतिक र सांस्कृतिक महत्त्व

रोशन प्रसाद श्रेष्ठ[१*]

*१. संस्थापक सदस्य, समाज सेवा, डोटी*

## सार

यस अध्ययनले सुदूरपश्चिम नेपालको डोटी जिल्लामा आयोजना हुने १५ दिने बडीमालिका धार्मिक यात्रा र पूजाको ऐतिहासिक, सांस्कृतिक, र पर्यटनगत महत्व विश्लेषण गर्दछ । यो यात्रा गोर्खाली सेनापति अमरसिंह थापाद्वारा नेपाल एकीकरण पश्चात् सुरु गरिएको ऐतिहासिक परम्परा हो, जसले हाल सम्म सामाजिक–धार्मिक एकताको प्रतीकको रूपमा कार्य गर्दै आएको छ । अध्ययनको उद्देश्य यात्रामा समावेश धार्मिक अनुष्ठान, सांस्कृतिक परम्परा, र स्थानीय समुदायको सहभागितालाई उजागर गर्नु र यसले धार्मिक पर्यटनलाई कसरी सहयोग गर्न सक्छ भन्ने बुझाइ दिनु हो ।

अध्ययनले प्रमुख सूचनादाता अन्तर्वार्ता र प्रत्यक्ष अवलोकन जस्ता गुणात्मक विधिहरू प्रयोग गरेको छ। डोटी जिल्लाका पुजारी, स्थानीय नेतृत्व, र प्रशासनिक अधिकारीहरूसँग गरिएका अन्तर्वार्ताले यात्राको प्रशासनिक, सामाजिक, र धार्मिक पक्षहरू उजागर गर्छ भने प्रत्यक्ष अवलोकनले अनुष्ठान, परम्परागत कार्यक्रम, र पर्यटकीय गतिविधिहरूको वास्तविक अध्ययन गर्न मद्दत पुर्याएको छ। यात्राले धार्मिक श्रद्धा, सांस्कृतिक विविधता, र प्राकृतिक सुन्दरतालाई संयोजन गरेर नेपालको अद्वितीय पर्यटन आकर्षणको रूपमा कार्य गरेको देखिन्छ। विशेषगरी पेटारो परिक्रमा, खिरसेनमा खिर खुवाउने परम्परा, र विमकोटको ऐतिहासिक दरबार जस्ता तत्वहरूले यसलाई सांस्कृतिक पर्यटनको महत्वपूर्ण गन्तव्य बनाउँछन्। तथापि, आधारभूत पूर्वाधारको अभाव, सुविधाहरूको खाँचो, र व्यवस्थित प्रचारको कमीले यसको पूर्ण पर्यटन क्षमतालाई सीमित बनाएको छ। यसरी, बडीमालिका यात्रा नेपालको सांस्कृतिक विरासत र धार्मिक पर्यटनको सम्भावनालाई प्रतिनिधित्व गर्दछ। यसको संरक्षण, व्यवस्थित विकास, र स्थानीय सहभागितालाई बढाउँदै यसलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्न आवश्यक छ, ताकि यो सुदूरपश्चिमको सामाजिक(आर्थिक विकासमा ठूलो योगदान पुर्याउन सकोस् ।

***शब्दकुञ्जी:*** बडीमालिका यात्रा, धार्मिक पर्यटन, सांस्कृतिक विरासत, डोटी, नेपाल

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 28 June, 2025 | 25 August, 2025 | 29 August, 2025 |

*R.P. Shrestha (roshanpd72@gmail.com)

© Authors; Published by Panauti Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. विषय प्रवेश

सनातन हिन्दु धर्म, विश्वका प्राचीनतम धर्महरू मध्ये एक, जसको मूलमा ब्रह्माण्डको सृजन, पालन र संहार गर्ने शक्ति (शक्ति) रूपी देवीको अवधारणा अटुट रूपमा बसेको छ। यही शक्तिलाई नै देवी वा शक्तिको रूपमा पूजा गरिन्छ, जसका अनेकौं रूपहरू (दुर्गा, काली, पार्वती, लक्ष्मी, सरस्वती आदि) विभिन्न अवतार, गुण र कार्यहरूद्वारा मानव जीवनलाई निर्देशन, सुरक्षा र कल्याण प्रदान गर्छिन्। यसै शक्तिपूजाको महत्त्वपूर्ण केन्द्रहरूनै शक्तिपीठ हुन्, जहाँ देवी सतीको अंग वा आभूषणहरू खस्ने विश्वास गरिन्छ। नेपालमा पनि बडिमालिका (बडीपीठ), गुह्येश्वरी, शैलेश्वरी, पशुपतिनाथ नजिकैको बटुक भैरव सहितको स्थान लगायत धेरै शक्तिपीठहरू छन्, जहाँ देवीको विशेष शक्ति विद्यमान मानिन्छ र करोडौं श्रद्धालुहरू आस्था र श्रद्धाको साथ दर्शनार्थ आउँछन्। देवीको पूजा विभिन्न सांस्कृतिक पर्वहरूमा अत्यन्तै उत्साहपूर्वक मनाइन्छ, जसमा दशैं सर्वाधिक प्रमुख छ। दशैंको नवरात्रीमा नौ दिन दुर्गाका नौ रूपहरूको आराधना गरिन्छ, घरघरमा जमरा राखिन्छ, भक्तिगीत गाइन्छ, र विशेष गरी कालरात्रि, महाष्टमी र विजयादशमीका दिनहरूमा पशुबलि, पूजाआजा र तिलकको विधि पुरा गरिन्छ। यसले नेपाली समाजमा परिवारिक एकताको बन्धन, सामाजिक सद्भाव, पारम्परिक मूल्य र संस्कृतिको पुनर्जागरण गर्ने काम गर्दछ। साथै, अन्य पर्वहरू जस्तै तिहारको लक्ष्मीपूजा, बसंत पञ्चमीको सरस्वतीपूजा, नवदुर्गा, चैते दशैं, तीज आदिले पनि देवीभक्ति र सांस्कृतिक चेतनालाई जगाएको हुन्छ।

यी धार्मिक आराधनाहरू केवल कर्मकाण्ड मात्र होइनन्, मानव कल्याणका लागि गहिरो मनोवैज्ञानिक, सामाजिक र आध्यात्मिक आधार पनि प्रदान गर्दछन्। भक्ति र श्रद्धाले मानिसलाई आन्तरिक शान्ति, आशा, सहनशीलता र आत्मविश्वास प्रदान गर्छ। सामूहिक पूजा, भजनकीर्तन र पर्वहरूले सामाजिक सम्बन्ध, सामूहिक चेतना र पारस्परिक सहयोग बढाउँछन्। देवीको शक्ति र संरक्षणमा विश्वासले भय र अनिश्चितताबाट मुक्ति दिलाउँछ। यसरी धार्मिक आचरणहरूले मानसिक स्वास्थ्यलाई उन्नत गर्ने, तनाव घटाउने र सामाजिक सद्भाव कायमगर्ने महत्त्वपूर्ण भूमिका खेल्दछन्। साथै, यी परम्पराहरू सांस्कृतिक संरक्षणको जीवन्त साधन हुन्। पूजा विधि, भक्तिगीत (भजन), भागल, मालश्री, न्याउली, नाचगान, पारम्परिक पोशाक, स्थानीय खाना, कलाकृति र मौखिक इतिहास यसै धार्मिक अवसरहरूमा जिउँदो रूपमा हस्तान्तरण हुन्छन्। यसले नेपालको अमूर्त सांस्कृतिक विरासतलाई अक्षुण्ण रूपमा बचाइरहन सहयोग पुर्याउँछ। शक्तिपीठहरू जस्तै बडिमालिका वा गुह्येश्वरी जाने यात्रा, दशैंमा घरघरमा गरिने विधि, तीजमा गरिने सामूहिक नाचगान— यी सबै हाम्रो सांस्कृतिक डीएनएको अभिन्न अंश हुन्।

यही धार्मिक आस्था, सांस्कृतिक सम्पदा र मानव कल्याणको सम्बन्धलाई धार्मिक पर्यटनको रूपमा व्यवस्थित गर्दा नेपालको पर्यटन क्षेत्रमा ठूलो क्रान्ति ल्याउन सकिन्छ। शक्तिपीठहरू विशेषगरी बडिमालिका जस्ता दुर्गम तर पवित्र स्थलहरू र देवी पर्वहरू दशैं, तीज धार्मिक पर्यटनका प्रमुख आकर्षण हुन्। यी स्थलहरूमा आउने श्रद्धालुहरू केवल दर्शन मात्र गर्दैनन्, तिनले स्थानीय अर्थतन्त्रलाई होमस्टे, स्थानीय खाना, हस्तशिल्प, गाइड सेवा, यातायात आदिमार्फत सहयोग पुर्याउँछन्। यसले स्थानीय रोजगारी र आय सृजना गर्छ। साथै, पर्यटकहरूले यहाँको अद्वितीय संस्कृति, परम्परा, इतिहास र प्राकृतिक सुन्दरतासँग परिचित हुन्छन्, जसले गर्दा

उनीहरूमा सांस्कृतिक सम्मान बढ्छ र नेपालको विविधताप्रतिको जागरूकता फैलिन्छ। यसरी धार्मिक पर्यटनले स्थानीय समुदायलाई आफ्नो संस्कृति र विरासतप्रतिको गर्व बढाउने, तिनलाई संरक्षण गर्न प्रेरित गर्ने काम पनि गर्दछ। तसर्थ, हिन्दु धर्ममा निहित देवी शक्तिको आराधना, यसका पवित्र शक्तिपीठहरू, विशेष गरी दशैं जस्ता विराट सांस्कृतिक पर्वहरू, तिनको मानवीय कल्याणमा पर्ने गहिरो प्रभाव, र यी सबैलाई धार्मिक पर्यटनसँग जोड्ने प्रयास नेपालको सांस्कृतिक पहिचान संरक्षण, सामाजिक सशक्तिकरण, आर्थिक विकास, र अन्तर्राष्ट्रिय पहिचानको दृष्टिले अत्यन्तै नै महत्त्वपूर्ण र सार्थक कदम हुनेछ। यो केवल पर्यटन विकास मात्र होइन, हाम्रो जीवन्त सांस्कृतिक विरासत र आध्यात्मिक मूल्यहरूलाई विश्वसमक्ष प्रस्तुत गर्ने एक सशक्त माध्यम हो।

## २. लेखको उदेश्य तथा अनुसन्धान बिधि

प्रस्तुत लेखले खास गरेर नेपाल राज्यको एकिकरण अभियानमा सफलता प्राप्त गरे पश्चात गोर्खाली सेनापति अमरसिंह थापाले डोटी गौडाको हाकिम हुदा सिलगढी डोटीबाट शुभारम्भ गरेको १५ दिने बडीमालिकाको धार्मिक यात्रा र पूजा तथा उक्त अवधिमा बडीमालिका सँग सम्वन्धित बिभिन्न स्थानमा हुने धार्मिक तथा सांस्कृतिक परम्पराहरु, अभ्यासहरु तथा कृयाकलापहरुलाइ उजागर गर्ने र धार्मिक पर्यटनमा सहयोग गर्ने उद्देश्य राखेको छ । यस अध्ययनमा प्रमुख सूचनादाता अन्तर्वार्ता विधि प्रयोग गरिएको छ **(Bernard, 2017)**। अन्तर्वार्ताका लागि डोटी जिल्लाका पुजारी, स्थानीय निर्वाचित प्रतिनिधिहरू र जिल्ला प्रशासनका वरिष्ठ अधिकारीहरूलाई सूचनादाता बनाइएको छ। यस अध्ययनमा सहभागी हुन मैले डोटी जिल्ला प्रशासन कार्यालयले गठन गरेको १५ दिने बडीपूजा कार्यक्रम सम्पन्न गर्ने सरकारी टोलीसँग आवद्ध भएको थिएँ। यी विधिहरूको प्रयोगले यस अध्ययन पत्र लेखनमा प्रमाणिकता र व्यावहारिक अनुभवलाई समेट्न सहयोग पुर्याएको छ।

त्यस्तै प्रत्यक्ष अवलोकन विधिको पनि प्रयोग गरिएको छ ( **Creswell & Poth, 2018)**। अध्ययनकर्ताले बडीमालिका यात्रा र पूजाका विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू, परम्परागत अनुष्ठानहरू, र स्थानीय समुदायको सहभागितालाई प्रत्यक्ष रूपमा हेर्ने, रेकर्ड गर्ने र विश्लेषण गर्ने कार्य गरेका छन्। यस विधिले यात्राका वास्तविक घटनाहरू, व्यवहार, र सामाजिक-सांस्कृतिक संदर्भहरूलाई बिना कुनै पूर्वाग्रहको नजिकबाट अध्ययन गर्न मद्दत पुर्याएको छ। अवलोकनका क्रममा विशेष गरी पूजा-अनुष्ठान, स्थानीय नेतृत्वको भूमिका, तथा धार्मिक पर्यटनसँग सम्बन्धित गतिविधिहरूमा केन्द्रित गरिएको छ। यस विधिले अध्ययनलाई प्राथमिक स्रोतसँग जोड्न र वास्तविकतामा आधारित निष्कर्ष निकाल्न सहयोग पुर्याएको छ।

## ३. बडिमालिका बडिपूजा

सुदुरपश्चिम क्षेत्रको बाजुरा जिल्लामा अबस्थित बडिमालिका देवभूमि नेपाल खण्डमा पर्ने ६४ शक्तिपीठ मध्ये एक महत्त्वपूर्ण शक्तिपीठ हो । सतीदेवीको बायाँ कुम पतन भएको यो शक्तिपीठ बाट शिवजी निवास कैलाश पर्वतको समेत दर्शन गर्न सकिन्छ । स्कन्दपुराण, मानस खण्डको मालिका महात्म्य अनुसार, ब्रम्हाजी स्वयं आफैले विश्वकर्मालाई भनेर मालिका निवासमा पंचपुरी भनिने महेन्द्रपुर, कुवेरपुर, गन्धर्भपुर, नागपुर र राक्षसपुर

बनाउन लगाउनु भएको थियो । पंचपुर २२ पाटन हुदै बग्ने वेणु र रुद्र नदिको संगम त्रिवेणी धाममा स्नान गरी मालिका दर्शन गर्न जानाले बर्षौं बर्षको पाप नष्ट हुने र पितृ दोषबाट मुक्त भईन्छ भन्ने मान्यता छ । पूर्वमा गण्डक क्षेत्र देखि पश्चिममा कुमाऊँ र गढवाल क्षेत्रसम्मका हिन्दु धर्मावलम्बीहरु बडिमालिकाको दिब्य दर्शनका लागी जाने गर्दछन् ।

बडिमालिकाको पुकार गरेकाले गोर्खाली सेनाका तत्कालिन सेनापती अमरसिंह थापाले पश्चिम नेपाल एकीकरण अभियानमा सफलता प्राप्त गरेका थिए । मालिका शक्ति प्रति आस्थाबान बन्दै डोटी गौडाका बडाकाजी अमरसिंह थापाले सेनाको दलबल सहित बडिमालिकाको धार्मिक यात्रामा जानु पर्ने परम्पराको थालनी गरेका हुन् । मन्दिरमा चड्ने—पड्ने अन्नबालीको संकलन गर्न उनले पैमामा भण्डार गृहको समेत निर्माण गरेका थिए। त्यसपछि लगतै जुम्लाका राजा श्रुति शाहीले दरबार भित्र मालिका थापना गरी चन्दननाथ र छायाँनाथको पुजा गरी बडिमालिकामा डोली पठाउने परम्परा बसालेका थिए । पछिल्लो समयमा कालिकोट र बाजुरा जिल्लाबाट पनि सरकारी पूजा सामाग्री लगेर मालिकाको बडिपूजामा जाने प्रचलन रहेको छ । आगामी बर्षहरुमा अछाम जिल्लाबाट समेत सरकारी पूजा सामाग्री लगेर जाने तयारी भैरहेको छ ।

बर्षेनी श्रावण शुक्ल चर्तुदशीका दिन यहाँ मेला लाग्ने गर्दछ । मेलामा पूजारी, सरकारी पूजा टोली, तिर्थयात्री, दर्शनार्थी र पर्यटकहरु चड्ने—पड्ने बोकी व्यक्तिगत रुपमै बडिमाईको यात्रामा निस्कन्छन् । डोटी, अछाम, बाजुरा र मलातीका गुठियारहरु भने सामुहिक रुपमा बडीमाईको यात्रामा सरिक हुन्छन् । दर्शन गर्न नमिल्ने र नसक्नेहरुले मालिका थापेर, वा सरकारी टोली र दर्शनार्थीसंग पूजा सामग्री, भेटि पठाएर बडिमाई प्रति आस्था देखाउने गर्दछन् ।

सबै सरकारी पूजा टोली र दर्शनार्थीहरु द्धवादशीको बेलुका सम्म त्रिबेणी धाममा पुग्नु पर्ने धार्मिक मान्यता छ। डोटीको सरकारी टोली १२ औं दिनमा, जुम्लाको आठौं दिनमा, कालिकोटको चौथो दिनमा र बाजुराको तेस्रो दिनमा त्रिवेणी धाममा पुग्दछन । भोलिपल्ट त्रयोदशीको दिन त्रिवेणी धाममा छत्र नुहाए पछि सँगसँगै बडिमालिका पुगेर चर्तुदशीका दिन बडिपूजा गर्दछन् ।त्यसैले यस लेखमा बडाकाजी अमरसिंह थापाले सिलगढीबाट शुभारम्भ गरेको १५ दिने धार्मिक यात्रा सहितको बडिपूजालाई निरन्तरता दिदै, यसै बर्ष डोटी जिल्ला प्रशासन कार्यालयबाट सम्पन्न गराईएको धार्मिक पदयात्रालाई समेटिएको छ, भने जुम्ला, कालिकोट र बाजुरा जिल्लाको सरकारी टोलीबाट सम्पन्न भएको बडिपूजालाई समेत समेट्ने प्रयास गरिएको छ ।

## ४. धार्मिक पदयात्रा वृतान्त

**पहिलो दिनः श्रावण २१ गते**

दिलिप नगरादी दिपायल दिल्पेश्वर मठबाट मालिका माईलाई चढाउन पठाईने तीन मुठा भुरणीलाई जिल्ला प्रशासनबाट लगिने सरकारी पूजा सामग्री राखिएको पेटारोमा राखिन्छ । पेटारोलाई प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा पूजा गरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी द्वारा सलामी दिएपछि शैलेश्वरी लगिन्छ । शैलेश्वरी र कालिका मन्दिर परिक्रमा गराईन्छ । त्यहाँ चड्न्पड्ने सामाग्री राखेर दोस्रो पेटारो बनाए पछि दुबै पेटारोलाई सलामी दिईन्छ ।

मालिकाको नौ दिदिबहिनी मध्ये शैलेश्वरी मातालाई जेठी र बडिमालिकालाई कान्छी मानिन्छ । शैलेश्वरी माताले बहिनी मालिका माईलाई पेटारोमा ज्यूनार पठाईदिने प्रचलन छ । दुबै दिदी बहिनीको जय जयकार गर्दै नाचनथलीमा पुगिईन्छ। मन्दिरमा संकलन भएका चड्नेपड्ने राखिएको तेस्रो पेटारोलाई सँगसँगै राखी पुन सलामी दिईन्छ । त्यहाँबाट सरकारी टोली, तिर्थयात्री र दर्शनार्थीहरु उडितोला अधेरी खोलामा पुगेर तीनवटै पेटारोको चड्नेपड्ने छानेर एउटा पेटारो बनाईन्छ । त्यसपछि सरकारी टोली, तिर्थयात्री र दर्शनार्थीहरु खिरसैन फुलोट दुर्गा भवानीको मन्दिरमा पुग्छन् । त्यहाँ स्थानीयहरुले सरकारी टोली र तीर्थयात्रीहरुलाई खिर खुवाएर स्वागत गर्ने प्रचलन छ ।

**दोस्रो दिनः श्रावण २२ गते**

खिरसेन स्थित दुर्गा भवानीलाई पुजे पछि स्थानीय द्वारा टोलीलाई बिदाई गरिन्छ । खिरसेनको बाटो साजघाट, गड्डीगाड हुदै साजेश्वर मन्दिर पुगिन्छ । साजघाटबाट खप्तड् राष्ट्रिय निकुञ्जको ठेक काडामाडौं पुगेर काँडा मालिकाको पूजा गरिन्छ । यो मन्दिर अमरसिहं थापाले स्थापना गरेका हुन् । उनले बि.स .१८६६ मा शिवपादुका ज्वाला तिर्थ जुम्लाबाट अग्नि ल्याएर बालेको अखण्ड दिप अहिले पनि बलिरहेको छ । उनलेनै काडामाडौंमा डोटीका दश गाउँ  र काडाका चार गाउँ मिलेर संयुक्त रुपमा चर्तुमास पूजा गर्ने व्यवस्था गराएका थिए । उनले स्थापना गरेको तीन गाउँ गुठिको जग्गा अहिले पनि स्थानीयहरुले भोग चलन गर्दै आईरहेका छन् । त्यस बापत उनीहरुले आफ्नो माना, चामल र घ्यू बडिमालिकामा चढाउने प्रचलन छ ।

**तेस्रो दिन :श्रावण २३ गते**

काडामाडौंका स्थानीयले टोलीलाई बिदाई गरेपछि यात्रा आगाडि बढ्दछ । गाउँ बस्ती हुदै अछाम र डोटीको सिमाना पर्ने चौखुट्टे पुगिन्छ । शिव मन्दिरमा धुपबत्ती गरेर श्रीकोट हुदै मार्कु सान्नाकोट बज्रयोगिनी मन्दिरमा पूजाआजा गरिन्छ ।

**चौथो दिन  :श्रावण २४ गते**

बज्रयोगिनी मन्दिर परिसरमा टोलीलाई बिदाई गरेपछि मार्कु मालिका –कालिका थान पुगेर धुपबत्ती गरिन्छ । मालिका थापना गरेको हुनाले यस स्थानलाई मालथापना पनि भनिन्छ । मौसम खुलेको समयमा यहाँबाट बडिमालिका मन्दिरको दर्शन गर्न सकिन्छ । त्रिपुरासुन्दरी मन्दिर हुदै बैद्यनाथ धाम पुगिन्छ । बडिमालिका मन्दिरमा अक्षेता बनाउन जेठमा रोपिएको धानको ५ माना चामल यहिबाटै पठाउनु पर्ने प्रचलन छ । पूजाको क्रममा यहाँ पनि सशस्त्र प्रहरी द्वारा मालिका सलामी दिइन्छ । बिदाई पछि साफेबगर हुदै बुडिगंगाको पुल तरेर भण्डारी गाउँ पुगिन्छ ।

**पाचौ दिन  :श्रावण २५ गते**

भण्डारी गाउँबाट टोलीलाई बिदाई गरेपछि विमकोट दरबार पुगिन्छ । जीर्ण अवस्थाको यो ऐतिहासिक दरबारलाई पुनःनिर्माण गर्ने योजना बनेको रहेछ । दरबार परिसरमा विमकोटे राजाका सन्तानलाई अभिनन्दन गरिन्छ । सरकारी टोलीले राजालाई हँसाएर यात्रा अगाडि बढाउनु पर्ने प्रचलन छ । राजा हाँसे भने

तिर्थयात्रिलाई शुभलाभ हुने मान्यता छ । मालिका सरापबाट मुक्ति पाउन राजाले हाँस्नु पर्ने रहेछ । मालिकामाईले योगिनी रुप धारण गरेर भिक्षा माग्दै हिड्दा राजाले कामबासनाको दृष्टिले हेर्दा सराप परेको रहेछ । सरापका कारण राजाका सन्तानहरु बडिमालिका जादैनन् । सरापबाट मुक्ति पाउन राजाले हाँस्नु पर्ने मात्र होइन मालिका आउने–जाने तिर्थयात्रीको सत्कार पनि गर्नु पर्ने रहेछ । राजालाई हँसाएपछि उनले टोलीका सदस्य र तिर्थयात्रीहरुलाई टिका लगाई ईच्छा भोजन गराउछन् । राजाले बिदाई गरेपछि रोकाया गाउँ पुगिन्छ । यहाँका स्थानीयलाई पनि बडिमालिका जान नमिल्ने रहेछ । उनीहरुले गाउँकै नन्दामातालाई मालिकामाईको दिदि मानी पुज्ने रहेछन् । रोकाया गाउँबाट जावला स्थित खापरमाडौ मन्दिरमा पुगिन्छ ।

### छैटौ, सातौ, आठौ र नवौ दिन :श्रावण २६, २७, २८ र २९ गते

खापरमाडौंबाट बिदाई भएपछि सराना स्थित सोडषादेवी मन्दिरमा पुगिन्छ। त्यहाँबाट खुशकोट गाजरा फूल चढाउने हुदै लवाढुंग्रा स्थित छतरा माई मन्दिर पुगिन्छ । मन्दिर संगैको सामुदायिक भवनमा पेटारो राखिन्छ। यहाँ लगातार ३ दिन बसेर दशमीको दिनमा यात्रालाई अगाडि बढाउने परम्परा छ । पहिलो र दोश्रो दिनमा पूजा सामग्री र खानेकुराको जोहो गरिन्छ । स्थानियसँग सरसल्लाह गरेर लिङ्गो काट्ने र बोक्नेहरुको निधो गरिन्छ । नवौ दिनमा भने बसाईको अन्तिम दिन भएकोले केहि बिशेष गतिविधिहरु गरिन्छ । स्थानिय बिमकोटे राजाका सन्तानद्वारा ईच्छा भोजन गराईन्छ । दिनभरी जसो स्थानियले मालिकाको महिमा अनि भागल गाउछन् । साँझपख पेटारो राखिएको कोठामा धामी बसालिन्छ । धामीले जुराएको साइतमा पेटारो प्रस्थान गराउनु पर्ने प्रचलन छ ।

### दशौ दिन: श्रावण ३० गते

छतराबाट तोकिएको साईतमै टोलीलाई बिदाई गरिन्छ । खलाटुप्पा छेवैको जंगलमा लिङ्गो बनाईन्छ । खलाटुप्पा पुगेपछि लिङ्गोलाई ध्वजापताकाले सिगांरी खलाटुप्पा माईको मन्दिरमा परिक्रमा गराईन्छ । छतरा लवाढुंग्राका स्थानियहरुले पनि सामुहिक रुपमा लिङ्गो लैजाने प्रचलन छ ।

### एघारौ दिन: श्रावण ३१ गते

खला टुप्पाबाट जंगलको बाटो बाखेकोट हुदै गहतेमाई पुगिन्छ । डाँडोमा अबस्थित गहतेमाई थान पुगेर पूजा गरिन्छ । त्यहाँ बाट वरिपरि देखिने मनोरम दृश्य अनि भिर पखेरालाई नियाल्दै भिती खोला पुगिन्छ ।

### बाह्रौं दिन: श्रावण ३२ गते

भिती खोलाबाट गाईगोठ स्थित मन्दिरमा पुगेर धूपबत्ती गरिन्छ । बस्तु भाउको चरण क्षेत्र पाटनको दृश्यलाप गर्दै द्वादशीका दिन वेणी धाम पुगिन्छ । जुम्लाबाट डोली लिएर आउने सरकारी टोली र दर्शनार्थीहरु खलङ्गा बजार, तातोपानी, मुम्ला, सन्ज्यालबाडा, कुवा, नखर्ची, ढाडाकोट, दिउडा, टाङ्गोकाटिया र बुढिमाई हुदै आठौं दिनमा बेणी धाम पुग्दछन् ।

कालिकोटबाट आउने सरकारी टोली र दर्शनार्थीहरु शम्भुनाथ, छेतेडी, कैलाशगाड र बुढिमाई हुदै चौथो दिनमा वेणी धाम पुग्दछन् । बाजुराबाट आउने सरकारी टोली र दर्शनार्थीहरु मार्तडी बडीमालिकाको मन्दिरमा मालिका सलामी सहित पुजा गरे पछि बडिमालिका तर्फ प्रस्थान गर्दछन् । मार्तडीबाट ओडार, फुलचढाउने, सोतापाटन, घोडापाटन, भित्तिछिर्ना, नौफेरि र बुढिमाई हुदै तेस्रो दिनमा वेणी धाम पुग्दछन् ।सबै सरकारी टोली, तीर्थयात्री र दर्शनार्थीहरु द्वादशीका दिनमानै यहाँ पुगेर देवीको स्तुती, भागल र न्याउली गाउदै रातभर जाग्राम बस्नुपर्ने हुन्छ ।

**तेह्रौ दिन :भाद्र १ गते**

त्रयोदशीको ब्रम्ह मूर्हतबाटै दर्शनार्थीहरुले वेणीधाममा स्नान गर्न सुरु गर्दछन् । छत्र नुहाउने समयमा भने डोटी र जुम्लाको सरकारी टोलीको उपस्तिथी हुन्छ । डोटी गोरखनाथको पेटारो र लिङ्गोलाई दाजुको रुपमा र जुम्ला चन्दननाथको पेटारो र लिङ्गोलाई भाईको रुपमा मानिन्छ। केहीबेर दुवै टोलीले आ-आफ्नो लिङ्गो जुधाउछन् अनी नुहाउने छत्र खोसाखोस गर्छन् । जुन टोलीले छत्र खोसेर पहिला नुहाउन सक्छ तिनीहरुको सबै पाप पखालिन्छ र त्यस वर्ष उनीहरुको क्षेत्रमा सहकाल लाग्छ भन्ने जन बिश्वास रहेको छ । छत्र स्नान पछि पूजारीले दुवै सरकारी टोलीका हाकिमलाई टिका लगाई बिदाई गर्दछन् । तत्पश्चात दुबै टोलीहरु आ—आफ्नो पेटारो र लिङ्गो लिई बडिमालिका मन्दिर तर्फ प्रस्थान गर्दछन् । बरमाग्ने हुदै लौरी बिनायक पुगेर धुप बत्ति गर्दछन् । बासुधाराको जल लिएर मालिका माईलाई चढाउछन् र दिब्य दर्शन गर्छन् ।

**चौधौ दिन :भाद्र २ गते**

चर्तुदशीको दिन बडिमालिकाको बडिपूजा गरिन्छ । बिहानै देखि दर्शनार्थीहरु बडिमाईको दर्शन गर्दछन् । सरकारी टोलीका हाकिमहरुले होम पूजनका सामाग्री पूजारीलाई हस्तान्तरण गरेपछि केहिबेर हबनमा बस्दछन् । हबन कार्य सँगसँगै क्रमस डोटी र जुम्लाको सरकारी टोलीले बडिपूजा गर्दछन् । होम पुजन सकिनासाथै मालिका माईलाई प्रसादको रुपमा तिलक अर्पण गरिन्छ । दर्शनार्थीहरुलाई तिलक बितरण गरेपछि चर्तुदशी पूजा सकिन्छ । कर्णाली क्षेत्रका सरकारी टोली र दर्शनार्थीहरु त्रिवेणी धाम हुदै आ—आफ्नो गन्तव्यस्थल फर्कन्छन् । डोटी र बाजुराका सरकारी टोली र दर्शनार्थीहरु भने बिष्णु पानीको बाटो चिप्लेढुङ्गा, धर्मढुङ्गा हुदै नाटेश्वरी मन्दिर झर्दछन् ।

**पन्ध्रौ दिन :भाद्र ३ गते**

जनै पूर्णिमाको दिन भएकोले नाटेश्वरी मन्दिरमा बिहानै देखी पूजा आजा शुरु हुन्छ । मन्दिर छेवैमा होम पूजन पनि गरिन्छ । हबनमा डोटी सरकारी टोलीका हाकिम अनिवार्य रुपमा सहभागी हुनु पर्ने हुन्छ । होम पूजन सकिना साथ पूजारीहरुद्धारा सरकारी टोली र दर्शनार्थीहरुलाई डोरो बाध्ने र जनै फेर्ने कार्य हुन्छ । त्यसपछि कालिका मन्दिरमा सरकारी टोली र दर्शनार्थीहरुद्धारा बलि चढाइन्छ । प्रसाद ग्रहणको कार्य सकिएपछि सरकारी टोलीका हाकिम द्धारा डोटी बाट शुरु भएको १५ दिने धार्मिक यात्रा सम्पन्न भएको जानकारी गराईन्छ ।

## ५. बडीपूजाको ऐतिहासिक, राजनीतिक र सांस्कृतिक महत्त्व

बडीपूजा नेपालको सुदूरपश्चिममा अवस्थित बडिमालिका शक्तिपीठमा सम्पन्न हुने एक प्राचीन धार्मिक परम्परा हो, जसको ऐतिहासिक जरा हिन्दू पौराणिक ग्रन्थहरूमा समाइएको छ। स्कन्दपुराणको ॒ूमालिका महात्म्यू अनुसार यो स्थल ६४ शक्तिपीठ मध्ये एक हो भनेर उल्लेख छ, जहाँ सतीदेवीको बायाँ कुम खसेको मानिन्छ। यसको धार्मिक प्रासंगिकता ब्रह्माजीद्वारा विश्वकर्मालाई निर्देशन गरी पंचपुरी- महेन्द्रपुर, कुवेरपुर, गन्धर्भपुर, नागपुर, राक्षसपुर निर्माण गराएको कथासँग जोडिएको छ। यहाँ त्रिवेणी धाममा स्नान गरी मालिका दर्शन गर्नाले बर्षौंको पाप नष्ट हुने मान्यता चलिआएको छ। ऐतिहासिक अभिलेखहरूले यस परम्परालाई १८औं शताब्दीमा गोर्खाली सेनापती अमरसिंह थापासँग जोड्छन्। उनले पश्चिम नेपाल एकीकरण अभियानको सफलताका लागि बडिमालिकाको आशीर्वाद लिने परम्परा स्थापना गरे। थापाले नै काडामाडौंमा बि. स. १८६६ मा अखण्ड दीप स्थापना गरे, भण्डारगृह निर्माण गरे, र गाउँ गुठी प्रणालीबाट मन्दिरको व्यवस्थापनलाई संस्थागत बनाए। यसै क्रममा जुम्लाका राजा श्रुति शाहीले मालिका थापना गरी चन्दननाथको डोली पठाउने चलन सुरू गरे, जसले गर्दा डोटी, जुम्ला, कालिकोट, बाजुरा र अछाम जिल्लाले सरकारी पूजा टोली पठाउने २ शताब्दी पुरानो परम्परा कायम भएको छ। यात्रा मार्गमा पर्ने शैलेश्वरी मन्दिर, विमकोटको ऐतिहासिक दरबार, र बज्रयोगिनी जस्ता स्थलहरूले यसको ऐतिहासिक निरन्तरतालाई प्रमाणित गर्दछन्।

बडीपूजाले नेपाली राज्य व्यवस्थामा धर्म र शासनको गहिरो अन्तर्सम्बन्ध प्रस्तुत गर्छ। अमरसिंह थापाले यसलाई पश्चिम नेपाल एकीकरणको राजनीतिक औजारको रूपमा प्रयोग गरेका थिए। मालिका प्रति आस्थाले गोर्खाली सेनाको मनोबल बढाएर क्षेत्रीय विजयमा सहयोग पुर्याएको ऐतिहासिक तथ्य छ। यस परम्पराले राज्य र धर्मबीचको सम्बन्धलाई संस्थागत बनाउँदै हाल जिल्ला प्रशासन कार्यालयद्वारा औपचारिक पूजा साभग्री ९ऩेटायो० न पठाउने प्रथा स्थापित गरेको छ। विमकोटे राजाको उदाहरणले यसको राजनीतिक सूत्र स्पष्ट हुन्छस् मालिकाको श्रापबाट मुक्ति पाउन राजालाई तीर्थयात्रीहरूको सत्कार गर्नु पर्ने र हाँस्न बाध्य हुने परम्पराले धार्मिक विश्वास मार्फत सामाजिक अनुशासन कायम गर्ने राजनीतिक बुद्धिमत्ता देखाउँछ। यसले दैवीय स्वीकृतिू मार्फत शासकीय वैधता कायम गर्ने मध्यकालीन रणनीतिलाई समेत प्रतिबिम्बित गर्छ। त्रिवेणी धाममा डोटी, जुम्ला, बाजुरा, कालिकोटका सरकारी टोलीहरूको भेटघाटले राजनीतिक विविधताभित्रको धार्मिक एकताको नेपाली मोडेल प्रस्तुत गर्दछ, जुन राष्ट्रिय एकीकरणको प्रतीक हो।

बडीपूजा नेपालको बहुसांस्कृतिक परम्पराको जीवन्त प्रतिमान हो। यसले गण्डक देखि कुमाऊँसम्मका हिन्दु तीर्थयात्री, डोटेली, जुम्लेली, बाजुराली, अछामी, र कालिकोटे समुदायहरूलाई एउटै धार्मिक धागोमा बाँध्छ। यसको सांस्कृतिक विविधता अनुष्ठानहरूमा स्पष्ट देखिन्छस् त्रिवेणी धाममा डोटी र जुम्लाको टोलीबीच छत्र नुहाउने प्रतिस्पर्धा सामूहिक पापमोचनको प्रतीक हो भने विमकोटमा राजालाई हँसाउनू अनुष्ठान, बैद्यनाथमा अक्षेता चामल चढाउने प्रथा, र कालिका मन्दिरमा बलि चढाउने चलनहरूले अद्वितीय सांस्कृतिक पहिचान बोकेका छन्। यात्राकालीन भागल, न्याउली र मालिमा गीतहरू स्थानीय भाषा र लोककलाको संरक्षण गर्दछन्। सामाजिक समन्वयका नमुनाहरू पनि यत्रतत्र छन्स् खिरसेनमा स्थानीयले खिर खुवाएर स्वागत गर्ने, रोकायामा नन्दामाताको पूजा गर्ने, विमकोटमा ईच्छा भोज दिने, र यात्रा गर्न नसक्नेले भेटी पठाउनू प्रथाहरूले

समुदायमा सहकार्य बढाउँछन्। १५ दिने पदयात्रामा सामूहिक लिङ्गो बोक्नू परम्परा युवाहरूलाई सांस्कृतिक धरोहसँग जोड्ने माध्यम हो भने त्रिवेणीदेखि बिष्णुपानीसम्मको यात्राले स्थानीय बास्तुकला र प्रकृतिको सांस्कृतिक अध्ययन गर्ने अवसर दिन्छ।

## ६. सांस्कृतिक र आध्यात्मिक आकर्षण

परापुर्वकाल बाटै श्रावण शुक्ल चर्तुदशीका दिन बडिमालिकाको बडिपूजा गर्ने प्रचलन थियो। २०४१ सालपछि भने खप्तडबाबाको अनुरोधमा खप्तड गंगा दशहरा मेला देखि असोजरकार्तिक सम्म मालिका माईको दर्शन गर्न सकिने व्यवस्था गरियो । ततपश्चात बडिमालिका क्षेत्रमा तिर्थयात्री मात्र नभई स्वदेशी तथा बिदेशी पर्यटकहरु पनि जाने क्रम बढ्दै गएको छ । पछिल्लो समयमा सुदुर पश्चिम महोत्सवको अबसर पारेर पर्यटन व्यवसायीले दर्शनार्थीलाई हेलिकप्टरबाट बडिमालिका र खप्तड क्षेत्रमा पुग्ने सुबिधा प्रदान गरेका थिए । सिलगढी स्थित शैलेश्वरी माताको दर्शन गरेर बडिमालिकाको धार्मिक यात्रामा जाने प्रचलन छ । बर्षेनी गरिने बडिमालिकाको १५ दिने धार्मिक यात्रा शैलेश्वरी मन्दिर परिषरबाटै शुभारम्भ गरिन्छ । सिलगढी भएरै धेरैजसो तिर्थयात्री तथा पर्यटकहरु खप्तड पुग्ने गर्दछन् । यसर्थ सिलगढीलाई बडिमालिका र खप्तड क्षेत्रको प्रवेश द्वारको रुपमा लिन सकिन्छ ।

सुदूरपश्चिम नेपालको हृदयस्थल डोटीमा आयोजना हुने पन्ध्र दिने बडिमालिका यात्रा नेपाली पर्यटनको एक अद्वितीय र अमूल्य सम्पदा हो, जसले धार्मिक श्रद्धा, गहिरो इतिहास, जिवन्त संस्कृति, मनोरम प्राकृतिक दृश्यावलोकन, र सामुदायिक जीवनको एक अविस्मरणीय अनुभव समेटेको छ। यो यात्रा केवल दर्शनार्थीहरू मात्र होइन, सांस्कृतिक पर्यटन, साहसिक पर्यटन, र धार्मिक पर्यटनमा रुचि राख्नेहरूका लागि पनि अत्यन्तै महत्वपूर्ण छ। यसको पर्यटन महत्व विविध आयाममा देखिन्छस् यात्राका विशिष्ट र दुर्लभ रीतिरिवाजहरू जस्तै पेटारो परिक्रमा, सशस्त्र बलद्वारा सलामी, खिरसेनमा खिर खुवाउने परम्परा, लवाढुंग्रामा लिङ्गो बनाउने कार्य, वेणीधाममा डोटी र जुम्लाको लिङ्गो जुधाउने र छत्र स्नानको होड, र विमकोटमा राजालाई हँसाउने प्रचलनले विश्वमै नै फरक सांस्कृतिक झलक प्रस्तुत गर्दछ। यात्राले विमकोटको जीर्ण दरबार, अमरसिंह थापाद्वारा स्थापित अखण्ड दीप बलेको काडामाडौं मालिका, साजेश्वर, बज्रयोगिनी, गहतेमाई थान, नाटेश्वरी लगायत ऐतिहासिक र धार्मिक महत्वका स्थलहरूसँग परिचय गराउँछ, जसले इतिहास प्रेमीलाई आकर्षित गर्दछ। डाँडा, खोला, जंगल, र गाउँबस्तीबाट बढ्ने यसको मार्ग, विशेषगरी गहतेमाईबाट देखिने मनोरम दृश्यहरूले प्राकृतिक सुन्दरताको आनन्द लिने र ट्रेकिङ्गको अनुभव खोज्ने पर्यटकलाई ताक्दछ।

स्थानीय समुदायद्वारा टोलीलाई खिर खुवाउने, स्वागत गर्ने, ईच्छा भोजन गराउने, लिङ्गो बोक्न सहयोग गर्ने जस्ता कार्यहरू सामुदायिक पर्यटनको बास्तविक रूप हुन्, जसले गर्दा पर्यटकहरूले स्थानीय जीवन र आतिथ्यको प्रत्यक्ष अनुभव गर्न सक्छन् र यसले स्थानीय अर्थतन्त्रलाई सहयोग पुग्छ। बडिमालिका मन्दिरमा भव्य बडिपूजा, वेणीधाममा भागल, न्याउली गाउने र जाग्राम बस्ने परम्परा, त्रिवेणीधाममा स्नान र नाटेश्वरीमा जनै फेर्ने कार्यले आध्यात्मिक शान्ति र पवित्रताको खोजी गर्नेहरूलाई आकर्षित गर्दछ। यद्यपि, यसको पर्यटन क्षमता अहिले पूर्ण रूपमा विकसित भएको छैन। आवागमन, आवास, स्वास्थ्य सेवा र अन्य आधारभूत सुविधाहरूको अभाव छ। यसलाई व्यवस्थित गर्ने, ऐतिहासिक स्थलहरू विशेषगरी विमकोट दरबार संरक्षण

गर्ने, स्थानीय सहभागितालाई बढाउने, र विश्वव्यापी रूपमा प्रभावकारी प्रचार गर्ने आवश्यकता छ। सारमा, बडिमालिका यात्रा नेपालको सांस्कृतिक विरासतको एक ज्योति हो र यसलाई संरक्षण गर्दै व्यवस्थित रूपमा विकास गरेमा यो नेपाली पर्यटनको एक प्रमुख स्तम्भ र विश्वभरिका सांस्कृतिक अन्वेषकहरूका लागि एक अनुपम गन्तव्य बन्न सक्छ।

## ७. सैद्धान्तिक विश्लेषण

एमिल दुर्खाइम (१९१२) को धर्मसिद्धान्त अनुसार धर्म समाजको एकीकृत शक्ति हो जसले पवित्र र अपवित्रको विभाजनमार्फत सामूहिक चेतना निर्माण गर्दछ। हिन्दु धर्ममा यो सिद्धान्त तीर्थस्थलहरू जस्तै पशुपतिनाथ, मुक्तिनाथ र संस्कारहरू यज्ञ, मेलामा स्पष्ट देखिन्छ जहाँ भक्तजनको सामूहिक उपस्थितिले सामूहिक उत्साह सिर्जना गर्दछ, जसले समूहमा आध्यात्मिक ऊर्जा र सामाजिक एकता बढाउँछ । धार्मिक पर्यटन यसै सामूहिक अनुष्ठानको विस्तार हो। दुर्खाइमका अनुसार तीर्थयात्रा एउटा पवित्र क्रियाकलाप हो जसले व्यक्तिलाई समूहसँग जोड्दछ। नेपालको मकरमेला वा भारतको कुम्भ मेलामा सामूहिक स्नानले यात्रुहरूलाई यस्तै सामूहिक उत्साहको अनुभव दिन्छ, जसले उनीहरूको धार्मिक पहिचानलाई सुदृढ बनाउँछ। सांस्कृतिक पर्यटन को अवधारणा पनि यससँग नजिकै जोडिएको छ। हिन्दु पर्वहरू दसैं, तिहारमा प्रदर्शन हुने लोकनृत्य, भजन, र सांस्कृतिक भोजहरू समाजको सामूहिक पहिचानलाई प्रतिबिम्बित गर्छन्। पर्यटकहरू यी संस्कारहरूसँग सहभागिता जनाएर स्थानीय जीवनशैलीमा आत्मसात हुन्छन्, जसले अन्तरसांस्कृतिक बुझाइ र सम्मान बढाउँछ।

स्वास्थ्य पर्यटनले हिन्दु धर्मका पवित्र विधिहरू योग, ध्यान, आयुर्वेद मार्फत व्यक्तिगत र सामूहिक कल्याणलाई जोड्दछ। दुर्खाइमले यी अभ्यासहरूलाई पवित्र् कोटिमा राखेका छन्। लुम्बिनी जस्ता ध्यान केन्द्रहरूमा समूहगत साधनाले सामाजिक समर्थनको वातावरण निर्माण गर्छ, जसले अध्यात्म र मानसिक स्वास्थ्यबीच सेतोबेगर सिर्जना गर्दछ। दुर्खाइमको सिद्धान्तले हिन्दु आधारित पर्यटनलाई केवल आर्थिक गतिविधि मात्र होइन, बरु एउटा सामाजिक संयोजक प्रक्रिया को रूपमा व्याख्या गर्दछ। यसले पवित्र स्थलहरूमार्फत सामूहिक पहिचान कायम राख्ने, सांस्कृतिक परम्पराहरू संरक्षण गर्ने, र कल्याणकारी अभ्यासहरू प्रवर्धन गरेर समाजमा सामूहिक कल्याणको आधार निर्माण गर्दछ ।

## ८. निष्कर्ष

बडीपूजा नेपालको सामाजिक संरचनामा ऐतिहासिक गहराइ, राजनीतिक सूझबूझ, र सांस्कृतिक समृद्धिको समन्वयकारी बिन्दु हो। यसले अमरसिंह थापाको एकीकरणदेखि आधुनिक सरकारी संस्थानहरूसम्मको यात्रालाई धार्मिक अविच्छेद्यताबाट जोडेर नेपाली अस्मिताको अमूर्त विरासतको रूपमा कार्य गर्छ। यो परम्परा, धर्म र राजनीतिको सहअस्तित्व् को नेपाली मोडेल प्रस्तुत गर्दै सुदूरपश्चिमको सामाजिक (धार्मिक ढाँचालाई सुदृढ पारिरहेको छ, जहाँ इतिहास, शासन र संस्कृति एउटै अविरल धारामा बग्ने अद्वितीय उदाहरण बन्न सफल भएको छ। त्यसैले, बडीपूजा केवल धार्मिक आयोजन नभएर नेपालको सामूहिक स्मृति, राजनीतिक बुद्धिमत्ता र सांस्कृतिक अविरलताको जीवन्त प्रमाण हो। यसले ऐतिहासिक घटनाहरूलाई एकीकरण, राज्य

व्यवस्था गुठी प्रणाली, र सामाजिक मेलमिलाप त्रिवेणी स्नानलाई एकै ढाँचामा बाँधेर नेपाली अस्मिताको अमूर्त सांस्कृतिक विरासतको रूपमा कार्य गर्छ। यो परम्परा निरन्तर धर्म र राजनीतिको सहअस्तित्वू को नेपाली मोडेल प्रस्तुत गर्दै सुदूरपश्चिमको सामाजिक ढाँचालाई सुदृढ पारिरहेको छ।

बडिमालिका यात्रा नेपालको अमूर्त सांस्कृतिक विरासतको एक ज्योति हो। यसले सुदूरपश्चिमको गौरवशाली इतिहास, जीवन्त संस्कृति, अटूट धार्मिक आस्था र अद्भुत प्राकृतिक सुषमालाई एकै ठाउँमा समेटेको छ। यसलाई मात्र धार्मिक यात्रा नमानी, नेपाली पर्यटनको एक महत्वपूर्ण स्तम्भ र विश्वको सांस्कृतिक पर्यटन नक्सामा राख्न व्यवस्थित विकास, संरक्षण र प्रचार-प्रसार गर्नु जरुरी छ। यसले नेपाल पर्यटनलाई विविधता दिने, सुदूर क्षेत्रको विकासमा योगदान पुर्याउने र विश्वभरका सांस्कृतिक अन्वेषक र आध्यात्मिक यात्रीहरूलाई आकर्षित गर्ने ठूलो सम्भावना बोकेको छ। यो यात्रा साँच्चै नेपालको छुट्टै र अनन्य पर्यटन आकर्षण हो। बडिमालिका र खप्तड क्षेत्र भित्र पर्यटकीय गतिविधिहरुलाई बढावा दिन सकेमा समग्र सुदुरपश्चिमेली र कर्णाली भेगका स्थानीयहरुको जीविकोपार्जनमा उल्लेखनीय सुधार ल्याउन सकिन्थ्यो । त्यसैले यस तर्फ सबै सरोकारवालाहरु स्थानीय जन प्रतिनिधि, वुद्धिजीवी, समाज सेवी, धार्मिक व्यत्तित्व तथा सामाजिक संघसंस्थाहरुको ध्यानाकर्षण हुन आबस्यक छ

## सन्दर्भ सामाग्री


Bajracharya, P. (2022). *Pilgrimage economy in Nepal*. Nepal Tourism Board.

Bernard, H. R. (2017). *Research methods in anthropology: qualitative and quantitative approaches* (6th ed.). Rowman & Littlefield.

Cohen, E. (2021). *Wellness tourism: Concepts and insights*. Channel View Publications.

Creswell, J. W., & Poth, C. N. (2018). *Qualitative inquiry and research design: choosing among five approaches* (4th ed.). SAGE Publications.

Durkheim, É. (1912). *The elementary forms of religious life*.

Richter, M. (2020). *Cultural tourism in Hindu communities. International Journal of Tourism Research. 22*(3), 345-360. https://doi.org/10.1002/jtr.2331

Shinde, K. (2020). *Religious tourism and the sustainable development goals*. *Journal of Heritage Tourism. Tourism*, *15*(4), 421-43. https://doi.org/10.1080/1743873X.2020.1755832

Timothy, D. J., & Olsen, D. H. (2006). *Tourism, religion and spiritual journeys*. Routledg


~O~